# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर

स्था. २०७३

प.सं. : २०८१/०८२

च.नं. :

सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः२०८१।०८।२८

नेपाल सम्वत्:११४५

**विषयः सरकारी सेवामा प्रवेश सम्वन्धी तयारी कक्षाका लागि आवेदन पेश गर्ने सम्वन्धमा ।**

प्रस्तुत विषय सम्वन्धमा यस गाउँपालिकाको आ.व. २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सरकारी सेवा प्रवेश सम्वन्धी अनलाइन तयारी कक्षा संचालन कार्यक्रम बमोजिम निशुल्क तयारी कक्षामा सहभागी हुन इच्छुक यस गाउँपालिका अन्तरगतका विद्यार्थीहरुका लागि मिति २०८१/०८/०२ गते प्रकाशित भएको १५(पन्ध्र) दिने सूचना अनुसार आवेदन माग भएकोमा केहि इच्छुक विद्यार्थीहरु छुट हुन गएको भन्ने जानकारी प्राप्त हुन आएकोले यस गाउँकार्यपालिकाको कार्यालयको मिति २०८१/०८/२८ गतेको निर्णयानुसार पुन: २०८१/०९/०५ गते सम्ममा छुट हुन गएका इच्छुक विद्यार्थीहरुले तपसिल बमोजिमका उल्लेखित कागजात सहित कार्यालय समयमा आवेदन पेश गर्न म्याद थप गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

१. तयारी कोर्ष लिन चाहेको कोर्षको विवरण सहितको निवेदन ।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

३. शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि ।

४. हालसालै खिचेको पासपोर्ट साइजको फोटो ।

.....................

राज बहादुर सार्की

प्रमुख प्रशासकीय अधिकृत

राज बहादुर सार्की

प्रमुख प्रशासकीय अधिकृत

**बोदार्थ:** श्री वडा कार्यालयहरु सबै । (सूचना टाँस तथा सम्प्रेषण गरिदिन हुन )

**पुनश्चः आवेदनको ढाँचा गाउँपालिकाको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ ।**

**लालझाडी गाउँपालिका शंकरपुर, कञ्चनपुर**

**<u>सरकारी सेवामा प्रवेश सम्वन्धी तयारी कक्षामा सहभागीताका लागि आवेदन फारम</u>**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**

**लालझाडी गाउँकार्यपलिकाको कार्यालय,**

**शंकरपुर,कंचनपुर ।**

लालझाडी गाउँकार्यपालिकाको कार्यालय शंकरपुर, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

फोटो

**विषयः तयारी कक्षामा सहभागी हुन पाउँ ।**

**महोदय,**

उपरोक्त विषय सम्वन्धमा मलाई देहाय बमोजिमको कोर्ष तयारी गरी प्रतियोगितात्मक परीक्षामा सफल भइ राष्ट्रसेवकको रुपमा कार्य गर्ने तिव्र इच्छा भएकोले लालझाडी गाउँपालिका मार्फत उपलब्ध गराइने शिक्षक सेवा आयोग / लोक सेवा आयोग तयारी साथै अन्य कोर्षको तयारी कक्षा संचालन गर्ने कार्यक्रममा सहभागी हुन पाउँ भनी यो निवेदन पेश गरेको छु ।

**तयारी गर्न भाहेको कोर्ष सम्वन्धी विवरण** (***आफुले तयारी गर्न चाहेको कोर्ष छान्नुहोस्*** ।)

**१. शिक्षक सेवा आयोगको प्रतियोगितात्मक परीक्षा**

प्राथमिक तह ☐ निम्न माध्यमिक तह ☐ माध्यमिक तह ☐

**२. लोक सेवा आयोगको प्रतियोगितात्मक परीक्षा**

खरिदार तह प्रथम पत्र ☐ नायब सुब्बा तह ☐ अधिकृत तह ☐

**३. सरकारी बैंकिङ् सेवा**

राष्ट्रिय बाणिज्य बैंक तह ४ र ५ ☐ कृषि विकास बैंक तह ४ र ५ ☐

नेपाल राष्ट्र बैंक (सहायक) ☐ नैपाल बैंक तह ४ ☐

**४. अन्य तयारी कक्षा**

आवश्यकता अनुसार खुलाउनुहोस् । ..................................................

**निवेदकः**

नामः ..................................................................

ठेगानाः ..............................................................

फोनंः ................................................................

ईमेलः ...............................................................

दस्तखतः ............................................................